केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१६/०७४/७५

मिति: २०७४/१०/१७

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

श्री नेपाल सरकार (मन्त्रिपरिषद्) बाट "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि, २०७३" को दफा ३ को उपदफा (३) लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

*"(३) उपदफा (१) बमोजिमको व्यवसाय ग्रामीण क्षेत्रमा स्थापना भई संचालनमा रहेको हुनु पर्नेछ । यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले ऋणीबाट आधार दर बमोजिम बैंक तथा वित्तीय संस्थाबाट निर्धारण हुने ब्याजदरमा कर्जा प्रवाह गर्न सक्नेछन् र सो ब्याजदरमा नेपाल सरकारले ५ (पाँच) प्रतिशत विन्दु ब्याज अनुदान उपलब्ध गराउनेछ ।"*

साथै, यस्तो कर्जामा लिइने ब्याजमा अन्य निकायलाई दिनुपर्ने वीमा शुल्क, कर्जा सूचना सम्बन्धी शुल्क जस्ता शुल्क बाहेक अन्य कुनै पनि प्रकारको सेवा शुल्क लिन नपाइने व्यहोरा समेत आवश्यक कार्यार्थ अनुरोध छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
(१४) श्री नेपाल वित्तीय संस्था संघ ।